कार्तिक ६, २०७६
भरतपुर, चितवन ।

लघुवित्त कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै ग्राहक सदस्यहरूसंगको वित्तिय कारोबारलाई  बिश्वसनीय तथा पारदर्शि बनाउनका लागि गुणस्तरिय सेवा प्रदान गर्न आवश्यक रहेको छ । हाल यस डिप्रोक्स लघुवित्त वित्तीय संस्थाले ब्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी बनाउनको लागि परिवर्तित अनलाईन सफ्टवेयरको सहज संचालन तथा अनुगमन गर्न  र प्रदेश तथा केन्द्रिय कार्यालयका कर्मचारीहरूलाई प्रबिधि मैत्रि बनाउन कर्मचारीहरूलाई तालिम दिई सक्षम र सवल बनाउनु आवश्यक देखिएकोले डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको आयोजनामा  मिति २०७६ कार्तिक ६ गते सौराहा, चितवनमा CBS सम्बन्धी तालिम संचालन गरिएको थियो । उक्त कार्यक्रमको अध्यक्षता संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री अमराज खड्काले  गर्नु भएको  थियो ।



उक्त कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृतले सहभागीहरूलाई CBS मा Input गरिएका Data हरूको प्रभावकारी रूपमा अनुगमन तथा परीक्षण गर्न सक्षम बनाउने राय राख्नु भएको थियो भने संस्थाका मुख्य प्रबन्धकद्वय श्री हेमकुमार काफ्लले कार्यक्रमको औचित्यतामा बारेमा र श्री हरिप्रसाद आचार्यले  सहभागीहरूललाई स्वागत मन्तब्य राख्नु भएको  थियो । यस वित्तिय संस्थाको सफ्वेयर प्रदायक संस्था युरानस टेक प्रा.लि.बाट श्रोत ब्यक्तिका रूपमा आउनु भएका श्री होमनाथ रिजाल र श्री एलेक्सी ढुंगेलले यस संस्थाका सबै प्रदेशका प्रदेश प्रमुखहरू र अनुगमन अधिकृतहरू, केन्द्रीय कार्यालयका विभागीय प्रमुखहरू, बरिष्ठ अधिकृतहरू, अधिकृतहरू र सहायक अधिकृतहरू सहित जम्मा ३६ जना कर्मचारीहरूलाई CBS सम्बन्धी तालिम प्रदान गर्नु भएको थियो ।